म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ४५ बुधबार, १ असोज २०८२ ने. सं. ११४५ जललगा 17 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-


मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आफ्नै सूचना

आदरणीय पाठकवृन्द,
आज यान्त्रिक उपकरणका प्रणेता भगवान विश्वकर्मा बाबाको पूजाको दिन भएकोले यस दैनिक छापिने मेसिन उपकरणको पूजा गरिने भएकोले भोलि (असोज २ गते) एक दिन अखबार प्रकाशन नहुने कुरा जानकारी गराउँछौं । यसबाट सम्पूर्ण वर्गमा पर्न जाने असुविधाप्रति क्षमा चाहन्छौं ।



सरला खनालः सम्पादक
साझाकुरा राष्ट्रिय दैनिक

### लयमा फर्कने प्रयासमा हेटौंडा उपमहानगरपालिका

# महत्वपूर्ण कागजात खरानी हुँदा कार्यसञ्चालनमा चुनौती

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/जेनजी युवाको प्रदर्शनका क्रममा क्षति पुगेको हेटौंडा उपमहानगरपालिकाले सेवाप्रवाह सुचारु गरेको छ ।

भदौ २४ गते प्रदर्शनकारीले गरेको तोडफोड र आगजनीका कारण क्षति बेहोरेको उपमहानगरपालिका क्रमश लयमा फर्कन थालेको हो । उपमहानगरपालिकाले केही कक्षहरु सरसफाई गरी सोमबारदेखि आंशिक सेवाप्रदान गरिरहेको छ । साथै, फर्निचरलगायत आवश्यक मर्मतकार्य पनि थालिएको छ । उपमहानगरको राजस्व शाखा, जिन्सी शाखा, योजना शाखा, न्यायिक समितिको सचिवालय, स्वास्थ्य शाखा, सूचनाप्रविधि शाखा, नगरप्रमुख तथा उपप्रमुखको कार्यालय, प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष पूर्णरुपमा क्षति भएको प्रवक्ता सविन न्यौपानेले जानकारी दिए ।



यसका साथै प्रदर्शनकारीले हेटौंडा उपमहानगर परिसरमा रहेका २४ वटा दुई पांग्रे सवारी साधन, ११ वटा हलुका सवारीसाधन, जेसिबी, टिपर र निजी अटो लगायत पूर्णरुपमा क्षति पुऱ्याएका छन् । उपमहानगरपालिको १९ वटा वडामध्ये ६ वटा वडा पूर्णरुपमा क्षति पुगेको छ । जनताको दैनिक जीवनसँग उपमहानगरको कार्य जोडिने भएकाले पूर्ण रुपमा सेवाप्रवाह कसरी गर्ने भन्ने विषयमा छलफल भइरहेको प्रवक्ता न्यौपानेले बताए । क्षतिग्रस्त वडा कार्यालयबाट अत्यावश्यक सेवाप्रवाहको सूची बनाएर कार्यसञ्चालनको तयारी भइरहेको उनले बताए ।

नजिकिँदै गरेको चाडपर्वको समयमा कर्मचारीको तलब सुविधा, भुक्तानी गर्नुपर्ने रकम र त्यसको व्यवस्थापन कसरी गर्ने ? भन्ने विषयमा पनि छलफल भइरहेको प्रवक्ता न्यौपानेले बताए । क्षतिको विवरण संकलन गर्न हेटौंडा उपमहानगरको सामाजिक विकास महाशाखाप्रमुख डा. भीमप्रसाद तिमल्सिनाको नेतृत्वमा एक समिति गठन गरिएको छ । यसैबीच हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ कार्यालयले सेवाप्रवाहको लागि आवश्यक सामग्रीको अभावको कारण देखाउँदै तत्कालका लागि सेवाप्रवाह रोकेको छ ।

वडा कार्यालयमा हस्तलिखित सूचना टाँस गर्दै जेनजी आन्दोलनका क्रममा कार्यालयका सम्पूर्ण सामग्री जलाइएकाले नागरिकलाई तत्काल सेवादिन नसकिने व्यहोरा उल्लेख गरिएको छ । वडाअध्यक्ष नवीन सिग्देलले वडा कार्यालयमा सेवाप्रवाहका लागि आवश्यक कुनैपनि सामग्री बाँकी नरहेकोले सेवा स्थगन गर्न बाध्य भएको जनाएका छन् । कार्यालय सञ्चालनका लागि आवश्यक न्यूनतम स्रोतसाधन जुटेपछि सेवा सुचारु गरिने उनले बताए । उनले सार्वजनिक सम्पत्ति जलाउने र तोडफोड गर्ने गिरोहलाई कडा कारबाहीको लागि सरकार समक्ष माग गरे ।

भदौ २४ गते भएको आन्दोलनका क्रममा वडा नम्बर ४ कार्यालयमा तोडफोड गर्नुका साथै कार्यालयभित्र रहेका सामग्री बाहिर निकालेर आगो लगाइएको थियो । यस वडासहित हेटौंडा उपमहानगरका ३, १०, ११, १५ र १९ नम्बर वडा कार्यालय पूर्णरुपमा क्षति भएका छन् भने १३ नम्बर वडामा तोडफोड भएको छ । उपमहानगरको भवनमा आगो लगाउने र तोडफोड गर्नेहरुको सामाजिक सञ्जालमा भिडियो सुरक्षित रहेको भन्दै कारवाहीको दायरमा सम्बन्धित निकायमा पठाउने तयारी भइरहेको प्रमुख प्रशासकिय अधिकृत भरत गौतमले बताए ।

चाँडो भन्दा चाँडो उपमहानगरवासीलाई भवनवाटै सेवादिनका लागि तयारी गरिरहेको उनले जानकारी दिए । तत्कालका लागि आवश्यक कम्प्युटर र फर्निचरको व्यवस्था गरेर सोमबारदेखि सेवा सुरु गर्न लागिपरेको प्रमुख प्रशासकीय अधिकृत गौतमले बताए । जेनजी पुस्ताले सुशासनको पक्षमा आन्दोलन गरेको भन्दै उपमहानगरपालिकाबाट दिने सेवा प्रवाहमा समेत सुधार गर्दै जाने प्रतिवद्धता उनले व्यक्त गरेका छन् ।

'दोस्रो दिनको आन्दोलनको सुरुवातमा पनि जेनजी युवा उपमहानगर अगाडि आएर भाषण गरेर आन्दोलनको सुरुवात गरेका थिए', गौतमले भने, 'दोस्रो दिनको आन्दोलनमा पनि ती युवाले उपमहानगरपालिकामा तोडफोड गर्नु हुँदैन भनेर फर्किएका थिए ।' तर, जेनजी भन्दा बाहिरका केही युवा आएर दोस्रोपटकमा तोडफोड सुरु गर्दा पनि जेनजी युवाले फर्काएर पठाएका थिए ।

तेस्रोपटकको आक्रमणमा भने ती व्यक्तिहरुले ढुंगामुढा र आगजनी गरेका हुन् । जेनजी प्रदर्शनीमा अराजक समूहले उपमहानगरका महत्वपूर्ण कागजात जलाएर खरानी बनाइदिएपछि कसरी सञ्चालन गर्ने चुनौती थपिँदै गएको छ । यद्यपी अहिले उपमहानगरका सरसफाइकर्मीले परिसर वरपर सरसफाइका काम गरिरहेका छन् ।

# भीमफेदीका १६ कैदीबन्दी आफैं कारागार फर्किए




साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/जेनजी आन्दोलनका क्रममा क्षेत्रीय कारागार भीमफेदीको पर्खाल फोडेर भागेकामध्ये सोमबार मात्र १६ जना कैदीबन्दी आफैं कारागार फर्किएका छन् ।

जेलबाट भागेकामध्ये आफैं कारागार फर्कनेको संख्या ३२ पुगेको छ । आन्दोलनका क्रममा विभिन्न कारागार र बाल सुधार गृहबाट भागेका कैदीबन्दीमध्ये हेटौंडामा २ सय २३ जना पक्राउ परेका छन् । भीमफेदी कारागाबाट भागेका ४४० जना कैदीबन्दीमध्ये नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बलले मकवानपुरका विभिन्न स्थानबाट १ सय ६३ जनालाई पक्राउ गरेको छ भने २७७ जना अझै फरार छन् । भीमफेदी कारागारको 'क' र 'ख' ब्लकको पर्खाल भत्काएर भदौ २५ गते राति साढे १२ वजे ४४० जना कैदीबन्दी फरार भएका थिए ।

'फरार भएकामध्ये १ सय ६३ जनालाई पक्राउ गरियो । २७७ जना अझै फरार छन्,' जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता श्यामु अर्यालले बताए । जेल फोडेर भागेकाहरुलाई कारागार प्रशासनले फोन गरेर फर्कनका लागि अनुरोध गर्दै आएको छ ।

'यो अवधिमा ३२ जना जेलबाट भाग्नेहरु आफैं फर्किएका छन्,' भीमफेदी कारागारका प्रमुख सुवास पौडेलले भने, 'सोमबारमात्र १६ जना आफैं जेलमा आए ।'

यस्तै हेटौंडा उपमहानगरपालिका-११ थानाभऱ्याङमा रहेको बालसुधारगृहबाट बुधबार बिहान ७२ जना भागेका थिए । तीमध्ये प्रहरीले ५३ जनालाई नियन्त्रणमा लिएको छ भने १९ जना अझै सम्पर्कमा आएका छैनन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार काठमाडौंस्थित केन्द्रीय कारागार, नख्खु कारागार, भरतपुर, कास्की, तनहुँलगायत जेलबाट भागेकामध्ये मकवानपुरको विभिन्न स्थानबाट प्रहरीले ६० जनालाई पक्राउ गरेको छ । उनीहरुलाई पनि भीमफेदी कारागारका राखिएको छ ।

# मुख्यमन्त्री हराए, बागमती प्रदेश सरकार खोज्दै प्रतिपक्ष

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/जेनजी आन्दोलनका कारण बागमती प्रदेशसभा, अधिकांश मन्त्रालय र मातहतका निकाय क्षतिग्रस्त बनेको छ ।

भौतिक संरचनादेखि महत्वपूर्ण अभिलेख नष्ट भएका कारण सामान्य प्रशासनदेखि सार्वजनिक सेवाप्रवाहसम्म प्रभावित भइरहेका छन् । तर, संकटको समयमा समेत मुख्यमन्त्री र मन्त्रीहरुको भूमिका नदेखिएको भन्दै प्रतिपक्षी दलले आलोचना गरेका छन् । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता शालिकराम जमकट्टेलले मुख्यमन्त्रीदेखि मन्त्रीसम्म संवेदनशील घडीमा बेपत्ता भएको आरोप लगाउँदै भने, 'आज प्रदेश सरकार खोज्नुपर्ने अवस्था आएको छ । सर्वदलीय बैठक डाकेर अघि बढ्नुपर्नेमा मुख्यमन्त्री र मन्त्रीहरु हराएका छन् ।'



उनले अभिभावकत्व ग्रहण गर्नुपर्ने बेला मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ र मन्त्रीहरुले जिम्मेवारी नलिएको कारण प्रदेशका कर्मचारीको मनोबल समेत घटेको बताए । 'के गर्ने, कसरी गर्ने भन्ने द्धिविधामा कर्मचारी अलमलमा छन् । जलेर ध्वस्त भएको संरचनाबीच सरकार अभिभावक बन्नुपर्नेमा उल्टै भागिरहेको छ,' जम्कट्टेलको आरोप थियो । 'संकट व्यवस्थापनमा सरकार अगाडि आउन नसक्ने हो भने भोलि जनता र राष्ट्रसेवक कर्मचारीको सामु कसरी मुख देखाउने ? सरकार जिम्मेवारीबाट उम्कन सक्दैन,' जम्कट्टेलले चेतावनी दिए ।

त्यस्तै, एकीकृत समाजवादीका संसदीय दलका नेता कृष्णप्रसाद शर्माखनालले प्रदेश सरकारको उपस्थिति कम भएको महसुस भएको बताउँदै तत्काल संसद बैठक बोलाउन पर्ने आवश्यकता औँल्याए । उनले भने, 'चौरमा बसेर, पाल टाँगेर भएपनि संसद चलाउनुपर्छ । यस्तो अवस्थामा सरकार भाग्न मिल्दैन, लुक्न मिल्दैन ।' शर्माले माथिका नेताको अदूरदर्शी नीतिका कारण आजको दुखदायी अवस्था सिर्जना भएको बताए । 'जेनजीको माग ठीक छ, देशमा परिवर्तन आवश्यक छ । थप आवाज उठाउनपर्छ' उनले भने ।

नेमकिपाका नेता सुरेन्द्रराज गोसाईले जनतामाझ माफी माग्दै इमान्दारिताका साथ प्रतिबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिए । 'जनताको हितमा काम नगर्ने, संकटको बेला भाग्ने प्रवृत्ति अब अन्त्य हुनुपर्छ । गोसाईले यस्तो कठिन घडीमा सिंगो देशकै हितलाई ध्यानमा राखेर काम गर्नुपर्ने बताए । 'संकटको बेला काम गर्ने सामर्थ्य हिजोको सरकारमा पनि थिएन, आज पनि छैन । संकट आउनासाथ भागाभाग गर्ने प्रवृत्तिले नै जनतालाई निराश बनाएको हो,' उनले भने ।

'हिजो अवस्था सामान्य हुँदा पनि जनताको हितमा काम गर्न सकेनन् । आज वास्तविक संकटको बेला प्रदेश सरकार भागेको छ' उनले थपे । 'अब सुध्रिन्छौं भनेर जनतालाई भन्न सक्नुपर्छ । चरित्र र प्रवृत्ति परिवर्तन नगरेसम्म यो अवस्थाबाट बाहिर निस्कन सकिँदैन, हिजोका भ्रष्टाचारीलाई कारबाही गरेर, भ्रष्ट प्रवृत्तिलाई अन्त्य गर्दै अघि बढ्नुको विकल्प छैन' उनको भनाइ थियो । भदौ २४ गतेको जेनजी आन्दोलनपछि प्रदेशका अधिकांश मन्त्रालय, मातहतका कार्यालय र प्रदेशसभा भवनका साथै महत्वपूर्ण अभिलेख नष्ट भएका छन् । आन्दोलन भएको एकसाता बितिसक्दा पनि प्रदेशमा भएको क्षतिको आधिकारिक विवरण सार्वजनिक हुन सकेको छैन ।



साझाकुरा

## हाम्रो कुरा

# राष्ट्रिय शोक

जेनजी पुस्ताको आन्दोलनको पहिलो दिन सरकारले अत्यधिक बल प्रयोग गरी निहत्था विद्यार्थीको टाउको र छातीमा तातो गोली बर्साएपछि दोस्रो दिन आन्दोलनले उग्र रुप लियो । मुलुक खरानी भएपछि प्रधानमन्त्री केपी शर्माओलीले पदबाट राजीनामा दिए । गृहमन्त्री रमेश लेखकले राजीनामा दिएकै समयमा प्रधानमन्त्री ओलीले पनि राजीनामा दिएको भए भोलिपल्टको जेनजी आन्दोलनमा यो नियती सहायद भोग्नु पर्ने थिएन होला । एकजना शासकको हठका कारण ७२ जनाको ज्यान गयो, हजारौं घाइते भए, खरबौं रुपैयाँको भौतिक संरचना खरानी भयो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री नियुक्त भएपछि थप तीन जना मन्त्रीहरुले सोमवार नै पदभार ग्रहण गरेका छन् । सरकारले जेनजी आन्दोलनको क्रममा मारिएकाहरुको सम्मानमा राष्ट्रिय शोक मनाउने भएको छ । गृह तथा कानून, न्याय तथा संसदीय मामिलामन्त्री ओमप्रकाश अर्यालले सोमवार सिंहदरवारमा पुगेर पदभार ग्रहण गरेलगत्तै यो निर्णय गरेका हुन् । त्यसैगरी मन्त्री अर्यालले काजकिरिया खर्चबापत मृतकका परिवारलाई एक/एक लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरिएको बताए । त्यसैगरी मृतकको शव व्यवस्थापनका लागि नि:शुल्क सवारीसाधन र दुर्गम क्षेत्रका लागि हेलिकोप्टर उपलब्ध गराउने निर्णय पनि गरिएको छ ।

प्रर्दशनकारी र सुरक्षा निकायका कर्मचारीको सम्मानस्वरुप राष्ट्रिय शोकको रुपमा मनाउने र राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय भएको छ । मृतकको परिवारलाई काजकिरियावापत प्रतिमृतक १ लाख रुपैयाँ उपलब्ध गराउने, त्यसका लागि रकमको व्यवस्थापन अर्थ मन्त्रालयले गर्ने निर्णय भएको छ । परिवारका सदस्यको आग्रहबमोजिम मृतकको शव व्यवस्थापनका लागि नि:शुल्क सवारीसाधन एवम् दुर्गमको हकमा हेलिकोप्टरको व्यवस्थापन गर्ने सरकारले निर्णय गरेको छ । यसैगरी गृहमन्त्री अर्यालले जेनजी आन्दोलनको क्रममा भएको बल प्रयोगको घटनालाई छानवीन गर्नुपर्ने कुरालाई आफूले पहिलो प्राथमिकतामा राखेको बताएका छन् । जेनजी आन्दोलनपछि मुलुकलाई सामान्य अवस्था फर्काउन र कानूनी राज्यको प्रत्याभूति दिलाउन पनि सरकारले आन्दोलनका क्रममा भएको बल प्रयोगको घटनाको निष्पक्ष छानवीनको कामलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने अवस्था आएको गृहमन्त्रीको भनाई हो । जेनजी आन्दोलनलाई जनविद्रोहको संज्ञा दिँदै त्यसक्रममा भएका भएका जनधनको क्षतिलाई सबैले मिलेर सम्बोधन गर्नुपर्ने बताउँदै गृहमन्त्री अर्यालले नयाँ पुस्ताको मागअनुसार अघि बढन पनि कर्मचारीलाई निर्देशन दिएका छन् । विगतका कमजोरीलाई नदोहोऱ्याउने हो भने मुलुक संमृद्ध हुन धेरै समय लाग्दैन । अब हिंसा होइन पुन:निर्माणतिर लाग्नुपर्ने हुन्छ । देशलाई समृद्धिको बाटोमा अगाडि बढाउनुपर्नेछ । राजनीतिक स्थिरता ल्याउनुपर्नेछ । देश रहेमात्र हामी रहन्छौं । अबको प्राथमिकता युवा पुस्ताको माग सम्बोधन गर्नुपर्छ । तोकिएको समयमा निर्वाचन गर्नुपछ । मुलुकको सबैभन्दा महत्वपूर्ण प्रशासनिक भवन रातभरमा खरानी भएको छ । जुन तत्काल पुननिर्माण गर्नु जरुरी छ । राणाकालीन ऐतिहासिक सम्पदा हो । यसको मुख्य भवनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयल थियो ।

सिंहदरबार राणा प्रधानमन्त्री चन्द्रशमशेरले आफ्नो निजी निवासको रुपमा १९०३ मा बनाउन लगाएका थिए । एक हजार सातसय वटा कोठाहरु रहेको यो भवन त्यतिबेला एसियाकै सबैभन्दा ठूलो दरबार मानिन्थ्यो । तत्कालीन अवस्थामा २५ लाख रुपैयाँ खर्च गरेर यो निर्माण गरिएको थियो । विसं २००७ मा राणा शासनको अन्त्य भएपछि सिंहदरबारमा नेपाल सरकारको कार्यालय राखियो । त्यतिबेला यो दरबारमा प्रधानमन्त्रीको कार्यालयदेखि लिएर सम्पूर्ण मन्त्रालयहरु थिए । विसं २०३० मा सिंहदरबारमा आगलागी भएको थियो । त्यसबाट यसको पछाडि पट्टिको धेरैजसो भाग जलेर नष्ट भएको थियो । यो भवन युरोपेली शैलीमा बनेको छ । चन्द्रशमशेर शिकार खेल्न, कलाकौशलका सौखिन भएकाले त्यसबेला उनले यसका भित्ताहरुमा शिकार गरिएका जनावरहरु तथा युरोपेली शैलीका चित्रकलाले सजाएका थिए । आइतबारदेखि सिंहदरबारभित्रका विभिन्न मन्त्रालय र निकायका कर्मचारी कार्यालय फर्किएका छन् । आगजनी र तोडफोडबाट प्रभावित ती निकायका कर्मचारीले नियमित काम सञ्चालन गरेका छन् । सम्पूर्ण नेपालीको इतिहासको प्रतीक बनेर फेरि सिंहदरबार उस्तै अवस्थामा फर्कने आशा गर्न बाहेक हामीसँग अर्को बिकल्प पनि छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असोज २ गते बिहीबार १७ सेप्टेम्बर २०२५ । द्वादशी, आश्विन कृष्णपक्ष । ञलगा ११४५ ने.सं. । सूर्योदय ५:५१ सूर्यास्त ६:०३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : भूमिबाट लाभ लिने समय छ | **तुला** | : लेनदेनमा विवाद हुनेछ |
| **वृष** | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | **वृश्चिक** | : धार्मिक कार्यले फाइदा हुनेछ |
| **मिथुन** | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | **धनु** | : मन खिन्न बनाउन सक्छ |
| **कर्कट** | : काममा परिवारको सहयोग मिल्नेछ | **मकर** | : दिन उत्साहपूर्ण बन्नेछ |
| **सिंह** | : स्वास्थ्यमा कमजोरी हुनेछ | **कुम्भ** | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| **कन्या** | : उपचारमा खर्च हुनेछ | **मीन** | : व्यावसायिक यात्राकोसम्भावना छ |

# जेनजी आन्दोलनका भग्नावशेष भत्काउने कि स्मृति संग्रहालय बनाउने ?



गोविन्द पोखरेल



भदौ २३ र २४ गते जेनजीले गरेको आन्दोलनले मुलुकको राजनीति उल्टाइदियो । देशमा बढ्दो भ्रष्ट्राचारको अन्त्य, सार्वजनिक निकायमा राजनीतिकरण रोकिनुपर्ने, दलका प्रमुख नेताहरूको राजनीतिक अवकाश, सामाजिक सञ्जाल बन्द गर्ने निर्णय फिर्ता गर्ने मुख्य माग थियो जेनजीको । यही आक्रोशका कारण सडकमा प्रदर्शन गर्ने १९ जना युवाले ज्यान गुमाए । युवाहरूको ज्यान गएपछि चुलिएको आक्रोश झनै चुलियो । भोलिपल्ट देशमा ठूलो विद्रोह नै भयो, जसले नेपालका तीनै तहका प्रमुख राज्य संरचनाहरू खरानी बनाइदियो । उक्त आन्दोलनमा परी देशभर ७२ को ज्यान गएको छ ।

देशको मुख्य प्रशासनिक केन्द्र सिंहदरबार, व्यवस्थापिका संघीय संसद् भवन र न्यायिक सर्वोच्चताको प्रतीक सर्वोच्च अदालत आन्दोलनकै क्रममा जले । राष्ट्रपति कार्यालय शितल निवासको मुख्य भवन समेत आगोको चपेटामा पऱ्यो । प्रधानमन्त्री केपी शर्मा ओलीले पदबाट राजीनमा दिए । पूर्व प्रधानमन्त्री शेर बहादुर देउवा र उनकी पत्नी आरजु राणामाथि प्रदर्शनकारीले हिंसात्मक व्यवाहर गर्दै उनको निवासमा लुटपाट र आगजानी गरे । पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल, केपी शर्मा ओली, बाबुराम भट्टराई, झलनाथ खनाल, माधवकुमार नेपालका निजी निवास समेत सुरक्षित रहेनन् ।

अधिकांश नेताका घरमा तोडफोड लुटपाट तथा आगाजनी भए । पूर्व राष्ट्रपतिहरूका घरमा समेत लुटपाट, तोडफोड र आगजानी भयो । निजी तथा सार्वजनिक संस्थाहरू जोगिएनन् । काठमाडौंका अधिकांश प्रहरी कार्यालय जलाइए । देशभरका विभिन्न पालिका तथा प्रहरी कार्यालयहरूमा आगजनी भयो । व्यवसायिक कम्पलेक्स तथा व्यवसायहरू खाक भए । अन्तर्राष्ट्रिय पाँच तारे चेन होटल हिल्टन पूर्ण रूपमा जलेर नष्ट भयो । ठूला व्यापारीका व्यवसाय एवं निजी घर सम्पत्तिमा लुटपाट एवं आगाजानी भयो । थापाथलीको कान्तिपुर मुख्य कार्यालय र तीनकुनेको कान्तिपुर टेलिभिजको कार्यालय जलाइयो । थापाथलीका अधिकांश कार शोरुमहरू जलाइए । भाटभाटेनी, सिजी ग्रुपका संरचना तथा गोदमहरू जलाइए । देशैभरका कारागार भत्किए र कैदीबन्दी फरार भए ।

यो क्षति माओवादीको १० वर्षे सशस्त्र द्वन्द्व र २०७२ सालको भूकम्पभन्दा पनि बढी हुनसक्छ । क्षतिको यकिन विवरण आइपुगेकै छैन । धेरै नवयुवाहरूको ज्यान गएपछि पोखिएको आक्रोशले मुलुकका तीनै तहका संरचनालाई ध्वस्त बनाइदियो । यही आन्दोलनको जगमा भदौ २७ गते राष्ट्रपति रामचन्द्र पौडेलले पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरे । मुलुकले पहिलो महिला प्रधानमन्त्रीमा कार्कीलाई पायो ।

प्रधानमन्त्रीमा कार्कीको नियुक्तीसँगै उनैको सिफारिसमा राष्ट्रपति पौडेलले शुक्रबार नै संसद् विघटन गरेर फागुन २१ गते आम निर्वाचन मिति घोषणा भएको छ । देश अहिले नयाँ आशाका साथ अघि बढिरहेको अवस्था छ । नयाँ शिराबाट सुरू गर्नुपर्ने अवस्थमा मुलुक छ विशेष गरी भत्किएका संरचना पुनर्निर्माण सम्बन्धमा । आन्दोलनमा नष्ट गरिएका केही संरचनासँग मुलुकको इतिहास जोडिएको छ । जलाइएका संरचनाहरूलाई नयाँ स्वरूपमा पुन:निर्माण गर्ने कि बाँकी रहेका भग्नावेशलाई ऐतिहासिक स्मृतिको रूपमा संग्रहालयमा परिणत गर्ने ?

मुलुकले विगतमा २०४६ सालको जनआन्दोलन, ०५८ सालको राजदरबार हत्याकाण्ड, २०६२/६३को जनआन्दोलन, ०७२ सालको भूकम्प लगायत ठूला घटनाहरू देखेको छ । यद्यपि ती घटनाका स्मृतिहरू दृश्य सामग्रीको रूपमा भावी पुस्ताले अवलोकन गर्ने ठाउँ विरलै छन् । प्रत्यक्ष रूपमा देख्रुने गरी दरबार हत्याकाण्डसँग सम्बन्धित केही स्मृतिहरू नारायणहिटी दरबार संग्रहालयमा गोलीका डोब मात्र देख्रुन सकिन्छ । सुन्धारामा राखिएको धरहराको भग्नावेशषले २०७२ को भूकम्प सम्झाउँछ । तर २०४६ सालको जनआन्दोलन, ०६२/०६३को आन्दोलन वा अन्य निर्णायक घटनाका स्मृतिहरू संग्रहालयका रूपमा सुरक्षित गरिएका छैनन् । नारायणहिटी दरबार संग्रहालयमा गणतन्त्र स्मारक छ तर त्यसमा अन्य स्मृति जोडिएको छैन ।

जेन जी आन्दोलनका क्रममा मुलुकका तीन वटै संस्थागत प्रतीक देखिएका संसद भवन, सिंहदरबार र सर्वोच्च अदालतमा भएका आगजनीले महत्वपूर्ण दस्तावेजहरू जलेर आगोमा विलीन भए । यद्यपि अब जलेर बाँकी रहेका भौतिक संरचना भग्नावशेषको रूपमा बाँकी छ । अब यी संरचनाहरूलाई हामीले भत्काएर पुन:निर्माण गर्ने कि भग्नावशेषलाई संग्रहालयको रूपमा विकासित गर्दै जेन अल्फा, बिटा, गामा पुस्ताहरूका लागि जोगाइदिने । अहिले यो बहस जरुरी देखिएको छ । जेनजी आन्दोलनका क्रममा जलाइएका यी संरचनाहरू नेपाली राजनीतिप्रति युवा पुस्ता र समाजको जनआक्रोशको रूपमा लिँदै संग्रहालयका रूपमा रुपान्तरण गर्न सकिन्छ । यी भग्नावशेषहरूलाई संग्रहालयको रूपमा परिणत गर्न सकिन्छ । आन्दोलनका क्रममा जलाइएका संरचना र त्यहाँ कोरिएका अक्षरले युवाहरूको आक्रोश देखिन्छ ।

युवाहरूको आक्रोशले पद हैन देशका तीनवटै संस्थालाई खरानी बनाउन सक्छ भन्ने ज्वालन्त उदाहरण सायद २१औं शताब्दीमा नेपालको यो घटना ऐतिहासिक बनेको छ । मलाई लाग्छ २१औँ शताब्दीमा यसरी युवाहरूको विद्रोहले राज्यका तीनवटै संरचनाका मुख्य भवनहरू पूर्ण रूपमा तहसनहस भए । अझ भनौँ युद्धमा पनि यसरी राज्यका तीनवटै संरचनाका मुख्य भवनहरु ढालिएका छैनन् । विश्वका धेरै देशहरूले यस्ता विनाशकारी घटनालाई स्मृतिको रूपमा स्मृति स्थल वा संग्रहालयमा रूपान्तरण गरेका छन् । शताब्दीको सुरूवातमा आतंकवादी संगठन अलकायदाले सन् २००१को सेप्टेम्बर ११ मा अमेरिकामा गरेको आतंकवादी हमलामा ट्वीन टावर ध्वस्त भयो । त्यही स्थलमा अहिले ९/११ स्मारक संग्राहलय अमेरिकाले बनाएको छ जसले तीन हजार मृतकहरूको स्मृतिसँगै आतंकको घाउलाई दर्शाउँछ ।

उक्त संग्रहालयमा त्यस घटनासँग सम्बन्धित हरेक विषयवस्तु लिपिबद्धका साथै भग्नावशेषका केही भौतिक संरचनाहरूलाई पनि सजाएर राखिएको छ । दोस्रो विश्वयुद्धमा हिरोसिमा र नागासाकीमा अमेरिकाले गरेको परमाणु बम हमलाका अवशेष अझै सुरक्षित छन् । त्यहाँ हिरोसिमा र नागासाकी संग्रहालय बनाइएको छ । ती संग्रहालयले विश्व शान्तिको सन्देश दिन्छन् । सन् २०२४मा जापानका आणविक बम पीडितहरूको संगठन 'निहोन हिड्यान्को'ले नोबेल शान्ति पुरस्कार पायो । जर्मनीमा नाजी हिटलरको नाजी शासनकालमा जर्मनीका भएका/घटेका र बाँकी रहेका भग्नावशेषलाई देखाउन उसले 'टोपोग्राफी अफ टेरर' संग्रहालय बनाएको छ । यस्तै, बर्लिन पर्खालका भग्नावशेषका केही अंशलाई राखेर स्मृति संग्राहलय बनाइएको छ ।

यी केही उदाहरणले विनाशलाई मेटाउने मात्रै हैन, सम्झाउने पनि आवश्यक हुन्छ भन्ने देखाउँछ । विगतका इतिहासलाई देखिने स्मृतिको रूपमा देखाउँदा भावी पुस्ताले गल्ती नदोहोऱ्यउनका लागि पनि सहयोग पुऱ्याउँछ । तर नेपालमा भने सक्रिय राजतन्त्रसँग सम्बन्धित इतिहास झल्काउने विषयहरू मात्रै संग्राहलयका रूपमा राखिएका छन् । त्यसबाहेक नेपालमा भएका पछिल्ला ठूला घटनालाई प्रत्यक्ष अवलोकन गर्ने संग्रहालय निर्माण भएको छैन । भग्नावेशलाई हेरेर नयाँ नेपाल निर्माणको सुरुवात गर्ने अभिभारा यो नयाँ पुस्ताले बोकेको छ । सिंहदरबारमा पटक पटक आगाजनी भएको इतिहास छ । भूकम्पले क्षति गऱ्यो । अहिले जेनजी आन्दोलनको क्रममा जलाइयो । यो भवनलाई पुन:निर्माण गर्ने वा संग्रहालयको रूपमा भावी पुस्तालाई देखाउँदै नयाँ सिंहदरबार बनाउने त्यो बहसको विषय बन्न सक्छ ।

अहिले प्रतिनिधिसभा र सर्वोच्च अदालतका नयाँ भवन निर्माणका अन्तिम चरणमा पुगेका अवस्था छ । बाँकी रहेका भग्नावेशलाई संग्रहालयकको रूपमा पनि विकास गर्न सकिने अवस्था छ । पुन:निर्माण गर्ने हो भने दाताको भरमा हैन,जनताको सहभागितामा निर्माण गर्दा अपनत्व जगाउने गरी गरिनुपर्छ । नेपालका इतिहास बोकेका संरचना तथा भवनहरूमा नागरिकको उपस्थिती छैन । त्यस्ता संरचनाहरूको बारेमा पढाउने, घुमाउने तथा अध्ययन गराउने बानीको विकास गर्नु जरुरी देखिन्छ । विदेशमा भ्रमण जाने विभिन्न नेपालीहरूले ती मुलुकको मुख्य प्रशासनिक भवन, संसद् तथा राष्ट्र प्रमुखको निवासमा पर्यटकको रूपमा भ्रमण गरेको देखिन्छ । नेपालमा पनि ऐतिहासिक महत्व बोकेका संरचना, भवन तथा कार्यालयहरूमा आम सर्वसाधरणहरूलाई अध्ययन तथा अवलोकन भ्रमणमा लैजाँदै त्यसलाई संस्थागत गर्न सकियो भने भावी पुस्ताले 'फलानो कार्यालय जलाइदिन्छु' भन्ने किसिमका अभिव्यक्ति पक्कै दिँदैनन् । अत: आज जनेजी आन्दोलनका क्रममा राज्यका तीनवटै प्रमुख संरचनालाई खरानी बनाएको छ । बाँकी रहेको भग्नावशेषलाई सुरक्षित राखेर 'स्मृति संग्रहालय' निर्माण गर्ने कि पुराना संरचनालाई भत्काएर पुन:निर्माण गर्ने भन्ने बहस सुरू गर्न जरुरी छ ।

*(साभार: अनलाइनखबर)*

# 'नो भोट राइट्स' समयको जायज आवाज

डा. सुमनकुमार रेग्मी

जनविश्वास जित्न जनभावना अनुरुपका नेताहरु बन्न सक्नुपर्छ । समाजको नेतृत्व गर्ने जुनसुकै दलबाट चुनावमा उठे पनि असल र सक्षम हुनुपर्दछ । सर्वोच्च अदालतले जनतालाई ''नो भोट''को अधिकार कानुन बनाएरै सुरक्षित गर्न सरकार र निर्वाचन आयोगको नाममा आदेश विगतमा दिइसकेको थियो । तर राजनीतिक दलहरु र निर्वाचन आयोगले 'नो भोट' मतपत्रमा व्यवस्था गर्न आनाकानी गरि नुहुन्न । विगतमा स्थानीय तहका निर्वाचनमा 'नो भोट'को महत्व महसुस गरिएको थियो । 'नो भोट'को अधिकारको अर्थ नै दलहरुलाई जनताले दिने पृष्ठपोषक हो । आचरण सुधार्ने मौका हो । 'नो भोट' अधिकारको नासो नसुम्पेमा नेपाली जनताले प्रत्यक्ष जननिर्वाचित कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपति माग गर्नेछन् ।

'नो भोट राइट'को व्यवस्था विधेयकमा गर्र्ने गरी निर्वाचन आयोगबाट प्रस्ताव २०८० सालमा गरिएको थियो । यस्तो व्यवस्थाको चर्चा पहिलेदेखि नै हुँदै आएको थियो । तर नेपालको सन्दर्भमा यो व्यवस्था त्यति औचित्व हुन नसक्ने मानी आएकाले २०८२ सालसम्म यस्तो व्यवस्था हुन सकेको छैन । निर्वाचन प्रणालीमा धेरै सुधार गरिँदै आएको छ । नेपाल प्रजातान्त्रिक व्यवस्थामा प्रवेश गरिसकेपछि पनि नेपालको निर्वाचन प्रणालीमा धेरै कर्मजोरी थिए । तिनमा बिस्तारै सुधार गर्दै लगिएको छ ।

पहिले-पहिले शुरुका दिनमा प्रचार प्रसारका अनोकौं सामग्री प्रयोग गर्न पाइन्थ्यो । विपक्षीहरुका विरुद्धमा नाराबाजी लगाउन पाइन्थ्यो । तर २०८२ साल आउँदाको दिनमा यस्तो व्यवहार एकातिर हट्दै रहेको छ भने अर्कातिर कानुन बनाएर पनि हटाउँदै लगिएको छ ।

नेपालको प्रजातन्त्रलाई बेलायती शैलीको भन्ने गरिएको छ । बेलायत र अरु पश्चिमा देशहरु तथा युरोप र अमेरिकाबाट प्रभावित भइरहेको छौँ । सकेसम्म बढी प्रजातान्त्रिक अभ्यास गर्नेतर्फ केन्द्रित हुँदै आएको छ । सबैभन्दा पहिले त कानुनहरुलाई सुधार गर्दा तिनको कार्यान्वयनतर्फ लाग्नुपर्ने हुन्छ । त्यसको लागि सरकार समय-समयमा अग्रसर हुँदै आएको छ । निर्वाचनको जिम्मेवारीको रुपमा निर्वाचन गर्न छुट्टै संवैधानिक निकायकै रुपमा आउनु जरुरी देखिन्छ । यसबाट पनि आफूलाई परिमार्जन गर्दै लौजाने काम हुँदै आएको छ ।

२०७९ वैशाखमा स्थानीय तहको र मंसिरमा प्रदेश तथा संघीय संसद्को प्रतिनिधिसभाका निर्वाचनका समयमा उम्मेदवारले आफैँमा पार्र्टीको विचार साम्रग्रीलाई निश्चित परिधिभित्र रहेर मात्र प्रयोग गर्न पाएका थिए । चुनाव चिह्न तथा पार्टीको झन्डा अंकित टोपी, लकेटलगायतका सामग्री प्रयोग गर्न पाएका थिएनन् । निर्वाचन सहमति भएर यसो गरेको थियो । त्यसअगाडिका निर्वाचनमा यस्ता सामग्री प्रयोग गर्न उम्मेदवार तथा दलले पाएका थिए । पश्चिमा देशहरुमा निर्वाचनको प्रचारप्रसारका लागि निश्चित स्थान छुट्याएको हुन्छ । बिस्तारै अब नेपालमा त्यसै गरिने छलफल पहिलेको निर्वाचनमा पनि भएको थियो । निर्वाचनको बेलामा घरदैलोमै जाने चलन रहँदै आएको छ । तर २०८२ आउँदाका बखत समय परिवर्तन भएको छ । यो प्रसंग हो 'नो भोट'को हक । यो पनि पश्चिमा र प्रजातान्त्रिक अभ्यास गर्दै आएका देशहरुको अभ्यास हो । निर्वाचन भनेको जनताको अधिकार हो भन्ने रुपमा हामीले स्वीकार्दै आएका छौं अनि हामी कुनै न कुनै उम्मेदवारलाई भोट दिन्छौं ।

नेपालमा राणा शासनपछि करिब एक दशकमा २००७, २०१७, २०३२, २०३६, २०४६, २०६२, २०७२, २०८२ सालहरुमा किन यस्ता विद्रोह देखा पर्दै आएका छन् ? यस्ता आन्दोलन नेपालको आर्थिक विकास भएको भए हुन्थे वा हुँदैनथे ? के नेपालमा राजनीतिक अस्थिरता, जनताको परिपक्वता, आर्थिक विकास र बाह्य संलग्नताले पटक-पटकका यस्ता अवस्था दोहोरिइरहे ? अझ पनि यस्ता आन्दोलन आउन सक्छन् त ? नेपालको निर्वाचन आयोगले कस्ता चुनाव उपयुक्त छन् ? बाह्य देशको अध्ययन गर्न आवश्यक छ । नेपालमा यस्ता घटनाहरु आउनमा बाह्य वा आन्तरिक स्रोत हाबी छन् त ? यस्ता चालबाजी नेपालीकै हुन् त ? वास्तविकता के छ ? यी सबैको वास्तविकता बाहिर आउनुपर्छ ।

जानी-जानी बदर भएका मतपत्रलाई सदर गर्न मिल्दैन । तर उम्मेदवार बनेका सबै व्यक्ति मतदातालाई मन परेका नहुन सक्छन् । मतदाता आफ्नो मताधिकारको प्रयोग गर्न चाहन्छ । त्यस बेला 'नो भोट' प्रयोग गर्ने गरिन्छ । नेपालमा यस्तो अभ्यास गरिएको छैन । तर अब निर्वाचनको मतपत्रमा 'नो भोट'को अधिकार व्यवस्था गरी निर्वाचन विधेयक बनाउन प्रस्ताव गरिँदै आएको छ । यो उपनिर्वाचनको उपज थियो ।

नेपालमा पछिल्लोपटक प्रजातन्त्र आएको ३३ वर्ष पुगिसकेको छ । २०८४ को तेस्रो चुनावमा अर्थात् अब तेस्रो चुनाव पर्खन साढे २ वर्ष बाँकी छ । जनता विभिन्न पार्र्टीका नेताहरुप्रति आक्रोशित छन् । लगातार निर्वाचनमा विजयी भएर आउने एकै अनुहार र एकै प्रवृत्तिका नेताहरुको विकल्प खोज्न बाध्य छन् जनता । अनि तिनै खालका फटाहा नेताहरु उम्मेदवार भएको अवस्थामा म कसैलाई भोट दिन्न भन्ने उक्तिको व्यवस्थाका खोजीमा पनि छन् । जनताको यही मनोविज्ञान बुझ्केको निर्वाचन आयोगले अब मतपत्रमा 'नो भोट'को व्यवस्था गर्ने प्रस्ताव ल्याउनुपर्छ । दल र दलका नेताहरुको चाहनामा यस्तो नहुन सक्छ । नेताहरु 'नो भोट'का अधिकारको विरोध गर्न सक्छन् । त्यसकारण यस्तो विधेयक बन्ने र पारित हुने सम्भावना बनाइँदै लगिनुपर्दछ ।

पुराना नेताहरुलाई 'नो भोट'को अधिकारको प्रयोग गरी आफूलाई नै अस्वीकृत गरिदेलान् भन्ने त्रास रहन्छ । पहिलेदेखि बहस हुँदै आएको 'नो भोट'को व्यवस्था विधेयकमा प्रस्ताव गरिए पनि पारित हुने सम्भावना थिएन । जनताले 'नो भोट' भनेर अस्वीकार गर्लान् भन्ने डर लिएका नेताहरुका लागि यस्तो व्यवस्था प्रतिकूल बन्ने भए पनि समग्रमा जनताको अधिकारका रुपमा चित्रित हुन सक्छ ।

नेपालको संविधान २०७२ पछिको दोस्रो आम चुनावपश्चात् स्थानीय र प्रतिनिधिसभाको सत्तापक्षको दलीय र प्रतिपक्षको दलीय गठबन्धन दुवैप्रति जनता खुशी रहेका रहेनछन् । अब त विगतका आम चुनावपछिका मददाता र चुनावी नेताहरुप्रति सन्तुष्ट भएको पाइएन । २०८२ साल भाद्र २३ देखिपछिका पाँच दिनमा भएका जेनजीका आन्दोलनले सरकार असफल भयो । फलस्वरुप सन् २०२६ मार्च ५ मा दोस्रो चुनावपछिका पाँच वर्ष बित्न नपाउँदै सन् २०२६ मार्च ५ मा अर्को तेस्रो आम चुनाव अर्थात् मध्यावधि चुनाव अगाडि सारियो । फलस्वरुप ६ दिनपछि देश शान्त अवस्थामा रह्यो ।

विगतका चुनावी प्रक्रिया उपयुक्त नभएको अवलोकनले देखाएको छ । चुनावी परिपक्वता देखिएन । यसको उदाहरणमा विगतका चुनावमा 'नो भोट'को अधिकारको सुविधा दिइए पनि लागू भएन । 'नो भोट'को विकल्प उपलब्ध नहुँदा उम्मेदवार नै नभएको पालिकामा पनि आफ्नो मन परेको चुनाव चिह्नमा भोट खसालेको भेटियो । यो पछि बदर भयो । दलहरुले उठान गरेका कुनै पनि उम्मेदवार मतदाताको बुझाइमा स्वीकार्य भएनन् भने त्यस्तोको अवस्थाका लागि 'नो भोट'को विकल्प थिएन । स्वतन्त्र उम्मेदवार हरुले भोट पाउनुको एउटा कारण यो पनि हो । यो भन्नुको तात्पर्य आगामी नेपालको चुनावी प्रक्रियामा 'नो भोट' राइट दिनुपर्छ भन्ने हो ।

यसैले पनि सरकार र निर्वाचन आयोगबाट 'नो भोट'को अधिकार जनतालाई दिलाउन दबाबको वातावरण सिर्जना गर्नुपर्छ । निर्वाचन जसरी भए पनि जित्नै पर्ने मनसाय भएर दलहरुले बनाउने गठबन्धनलाई जनवर्गले मन पराएका छैनन् । 'नो भोट'को अधिकार कानुनले व्यवस्था गरे आगामी मध्यावधि चुनावमा दलहरु आफ्नो आचरण बनाएर मात्र जनतामाझ जान बाध्य हुनेछन् । लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न दलको विकल्प दलहरु नै हुन्, अरु होइन ।

*(साभार: न्यूज अफ नेपाल)*

# विदेशीले देश कब्जा गर्नसक्ने खतरा औंल्याउँदै रोए हर्क

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ नेपालमा वाह्य हस्तक्षेप बढेको दाबी गर्दै धरान उपमहानगरका मेयर हर्क साम्पाङ रोएका छन् । जेनजी आन्दोलनपछि प्रधानमन्त्री बन्न इच्छा देखाएका साम्पाङले रुँदै नेपाललाई विदेशीले कब्जा गर्न सक्ने खतरा रहेको दाबी गरेका हुन् ।



भदौ २३ र २४ गतेको आन्दोलनपछि चल्तीका सबै नेताको भागाभाग भएको र मुलुक नेतृत्व लिन कोही अघि नसरेकाले आफूले इच्छा देखाएको उनको भनाइ छ । सामाजिक सञ्जालमा भाइरल भइरहेको भिडियोमा मेयर साम्पाङ भावुक भएर चिन्ता जताउँदै रोइरहेको देखिन्छ ।

'विदेशीले यतिखेर टेकओभर गर्न सक्ने सम्भावना छ, के गर्ने ? सबै नेताहरु भागाभाग, रक्ताम्य, कोही बागमतीमा कुटाइ खाँदै गरेको, कोही कहाँ के, तहनहस, पार्टीको कार्यालय तहसनहस, को आउने त, को शक्ति आउने त त्यहाँ ? कोही छैन, कस्ले गरेको, कसरी गरेको भन्ने बारेमा कसैलाई थाहा पनि छैन ?,' उनले भनेका छन् ।

मानिसहरुले आफूलाई नेतृत्व लिन आग्रह गरेपछि अघि सरेको उनको तर्क छ । आफूले हिम्मत नहारेको बताउँदै उनले भने, 'तँलाई गोली लाग्न सक्छ भन्ने कुराहरु थियो त्यहाँ, ठिक छ लाग्छ भने लागोस् भनेर त्यो उसमा निस्कें ।' आफू अघि सर्दा अरु लुकेर बसेको भन्दै उनले मुलुक बचाउन बलिरहेको आगोमा हाम्फालेको बताए । मानिसहरुको प्रस्तावअनुसार प्रधानमन्त्रीमा दाबी प्रस्तुत गरेको बताउँदै साम्पाङ भदौ २५ गते काठमाडौं आएका थिए । काठमाडौंमा उनले प्रधानसेनापति अशोकराज सिग्देललाई भेटेका थिए ।

जेनजी युवाको अनलाइन मतदानका आधारमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नाममा प्रधानमन्त्रीको लागि अग्रस्थानमा आएपछि मेयर साम्पाङले पनि समर्थन जनाएका थिए । आफूलाई प्रधानमन्त्री नबनाएको भनेर धरानका मेयर साम्पाङ यतिबेला विभिन्न टिप्पणी गरिरहेका छन् । यहाँसम्म कि उनले काठमाडौंका मेयर बालेन साहको पनि घुमाउरो तरिकाले आलोचना गरिरहेका छन् ।

बालेनले पनि उनलाई घुमाउरो तरिकाले त्यसको जवाफ दिएका छन् । फेसबुकमार्फत मेयर साम्पाङलाई जवाफ दिएका हुन् । 'डियर हर्क साम्पाङ, तिमीले मलाई जति गाली गरेपनि म तिमीलाई माया गर्न छोड्दिन,' बालेनले लेखेका छन्, 'एकतर्फी नै सही तर, मेरो माया साँचो हो ।'

उनले अंग्रेजीमा समेत लेखेका छन्, 'यू आर माइ ट्रु लभ' बालेनको हाँस्यरस मिसिएको यस स्टाटस भाइरल भइरहेको छ ।

# कैलाशका पाँच विद्यालयलाई खेलकुद सामग्री

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ मकवानपुरको कैलाश गाउँपालिकामा रहेका पाँच विद्यालयलाई फुटबल खेलका सामग्री हस्तान्तरण गरिएको छ ।



चाइल्ड रिच नेपालको सहयोगमा गाउँपालिकास्थित ५ माध्यमिक विद्यालयलाई खेलसामग्री हस्तान्तरण गरिएको हो । मंगलबार गाउँपालिकाको वडा नम्बर ३ स्थित भवानी माध्यमिक विद्यालयमा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको उपस्थितिमा विद्यालयलाई सामग्री हस्तान्तरण गरिएको हो । विद्यालयस्तरबाटै फुटबल खेलमा खेलाडी उत्पादन हुने हेतुले सामग्री हस्तान्तरण गरिएको संस्थाका सहायक कार्यक्रम संयोजक पूजा रानामगरले बताइन् ।

उनका अनुसार भवानी माविसँगै कैलाश-६ मा रहेको व्यास माध्यमिक विद्यालय, वडा नम्बर २ मा रहेको कमलादेवी माध्यमिक विद्यालय, वडा नम्बर १० मा रहेको रत्नज्योति मावि र वडा ९ मा रहेको कालिका माविलाई खेलकुदका सामग्री हस्तान्तरण गरिएको बताइन् । कैलाशका ५ वटा विद्यालय छनोट गरी संस्थाको कार्ययोजनाअनुरुप सामग्री प्रदान गरिएको उनले बताइन् । 'सबै विद्यालयलाई फुटबल खेलका ट्रेनिङ विप्स ३० वटा, ग्राउण्ड मार्कर ६० वटा, कोन २५ थान, ६ वटा फुटबल र ३० थान जर्सी हस्तान्तरण गरेका छौं,' उनले भनिन् ।

गाउँपालिका अध्यक्ष मुक्तानले विद्यालयलाई सामग्री हस्तान्तरण गरेसँगै सामग्रीको सदुपयोग गरी खेलाडी उत्पादनमा जोड दिन आग्रह गरेका छन् । उनले संस्थालाई धन्यवादसँगै आगामी दिनमा सहकार्यकासाथ काम गरिने प्रतिवद्धता जनाए । विद्यालयले सामग्रीको सदुपयोग गर्नेमा विश्वस्त रहेको उनले बताए । कार्यक्रममा गाउँपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत एवम् शिक्षा, युवा तथा खेलकुद शाखाप्रमुख समीर जोशी, विद्यालयका प्रधानाध्यापक बालचन्द्र मल्ललगायत शिक्षकको उपस्थिति रहेको थियो ।

# हेटौंडा-१५ मा अस्थायीरुपमा स्वास्थ्यचौकी भोर्लेबाट सेवाप्रवाह हुने

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/जेनजी प्रदर्शनको क्रममा हेटौंडा-१५ वडा कार्यालयमा भएको आगजनीजन्य घटनाका कारण नियमित कामकाज सञ्चालनमा असुविधा भएको हुँदा वडावासीलाई आवश्यक सेवासुविधा निरन्तररुपमा प्रदान गर्न वैकल्पिक व्यवस्था गरिएको छ ।



यस सम्बन्धमा हेटौंडा-१५ का सत्तारुढ दल, वडा समन्वय समिति तथा जनप्रतिनिधिको संयुक्त बैठक बसेर तत्कालका लागि हेटौंडा-१५ स्थित सरकारी भवनभित्र रहेको स्वास्थ्यचौकी भोर्लेलाई अस्थायी वडा कार्यालयको रुपमा प्रयोग गर्ने निर्णय गरिएको छ ।

वडाअध्यक्ष सुनिल मोक्तानका अनुसार जनतालाई जानकारी दिँदै भने, 'वडावासीको हितलाई प्राथमिकता दिँदै हामीले तत्कालीन व्यवस्थाको रुपमा भोर्लेबाट कामकाज सञ्चालन गर्ने निर्णय गरेका छौं । वडाको नागरिकलाई सेवाप्रवाहमा कुनै अवरोध नहोस् भन्ने हाम्रो उद्देश्य हो । हामी जनताको पहिलो सरकार भएकाले जनतालाई सेवाप्रवाह गर्नु हाम्रो कर्तव्य हो,' उनले भने ।

त्यस्तै, बैठकमा सहभागी जनप्रतिनिधिले पनि अस्थायी व्यवस्थाबाट सहजतापूर्वक सेवाप्रवाह गर्न सम्पूर्ण वडावासीको सहयोग र सहकार्य आवश्यक रहेको बताएका छन् । कार्यालयले वडावासीका कामकाज हाललाई स्वास्थ्य चौकी भोर्लेमै हुने र सबै सेवासुविधा अस्थायीरुपमा सोही स्थानबाट निरन्तर उपलब्ध गराइने स्पष्ट पारेको छ ।

# 'विद्युतीकरणलाई प्राथमिकता दिनुहोस्'

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ मकवानपुरको कैलाश गाउँपालिका-२ का वडाध्यक्ष राजेन्द्र घिसिङले नवनियुक्त ऊर्जामन्त्री कुलमान घिसिङलाई खुलापत्र लेख्दै बधाई सहित सुझाव दिएका छन् ।

पत्रमा उनले उज्यालो नेपाल बनाउन महत्वपूर्ण योगदान पुऱ्याएका घिसिङ मन्त्रीमा नियुक्त भएकोमा शुभकामना व्यक्त गर्दै हालैको आन्दोलनमा ज्यान गुमाएका युवाप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् । उनले सहिदको रगतलाई न्याय दिलाउन सरकारले पहल गर्नुपर्नेमा जोड दिए । ऊर्जाक्षेत्रमा हुने अनियमितता, सेटिङ र जालो भत्काउनुपर्नेमा जोड दिँदै वडाध्यक्ष घिसिङले अझै अँध्यारोमा रहेका ग्रामीण बस्तीलाई प्राथमिकताका साथ विद्युतीकरण गर्न मन्त्रीलाई आग्रह गरे ।

'सिंहदरबारमा मन्त्री भेट्न गाउँका सामान्य नागरिकले सहजै पाउनुपर्नेछ, जनतासँग जोडिने खालको कार्यशैली आवश्यक छ,' वडाध्यक्ष घिसिङले पत्रमार्फत् भनेका छन् । त्यसैगरी, संविधान संशोधन मार्फत् प्रत्यक्ष राष्ट्रपति प्रणाली र प्रदेश खारेजीको माग जनताबीच बढिरहेको भन्दै उनले मन्त्रिपरिषदबाट अध्यादेशमार्फत् सुधार ल्याउन सक्ने सुझावसमेत दिए । वडाध्यक्ष घिसिङले मन्त्री घिसिङको कार्यकाल जनअपेक्षामूलक र उपलब्धिमूलक होस् भन्ने कामना समेत गरेका छन् ।

# नियमित काममा फर्किए प्रचण्ड र माधव नेपाल





साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/जेनजी प्रदर्शनका क्रममा नेपाली सेनाको नियन्त्रणमा राखिएका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल नियमित काममा फर्किएका छन् ।

प्रचण्डले जलेको मुख्यालय पेरिसडाडाँको मंगलबार अनुगमन गरेका छन् । अनुगमनको क्रममा अध्यक्ष दाहालले पार्टीको नयाँ कार्यालय भवन अझै भव्य बनाइने घोषणा गरे । उनले पार्टी कार्यालयमा ठूलो क्षति पुगेको तर, सिंगो पार्टीपंक्ति, देशभित्र र बाहिरका सबै पार्टी सदस्यको सहयोगमा भव्य भवन बनाइने बताए । उनले पार्टीका माइन्युटहरु बँचेको र पुस्ताकालय बँच्नु राम्रो पक्ष भएको पनि बताए ।

माधव नेपालले सोमबार केन्द्रीय कार्यालय आलोकनगरसहित ११ ठाउँको अवलोकन गरेका थिए । उनको सचिवालयका अनुसार पार्टी कार्यालय, आफ्नै घर, कान्तिपुर टेलिभिजन र अरु नेताको जलेको घर अवलोकन गरेका छन् । शंकर पोखरेल, प्रेम आले, अग्नि खरेल, झलनाथ खनाल, जीवनराम श्रेष्ठ, सुरेन्द्र पाण्डे, राजेन्द्र पाण्डे र र घुजी पन्तको जलेको घर अध्यक्ष नेपालले अवलोकन गरे ।

नेपाललाई सेनाले भदौ २५ गते ब्यारेकबाट छोडेको थिए । माधवलाई प्रचण्डसँगै सिंहदरबार स्थित सेनाको ब्यारेकमा राखिएको थियो । विपक्षी दलको बैठकका निम्ति त्यहाँ पुगेका प्रचण्ड र माधवलाई त्यही सेनाको ब्यारेकमा राखिएको थियो । अहिले प्रचण्ड र नेपालले आफन्तको घरमा शरण लिदै आएका छन् ।

# सरकारी सम्पत्तिको बीमा नहुँदा कम्पनीलाई राहत, क्षतिजस्तो ठूलो छैन दायित्व

काठमाडौं/सरकारी सम्पत्तिको बीमा नहुँदा जेनजी आन्दोलनका क्रममा भएको ठूलो जनधनको क्षतिबापत बीमा कम्पनीले तिर्नुपर्ने दायित्व तुलनात्मक रूपमा कम नै हुने भएको छ । जेनजी युवाहरूले २३ र २४ भदौमा गरेको आन्दोलनका क्रममा भएको क्षति २०७२ सालको वैशाखको भूकम्पको भन्दा धेरै रहेको अनुमान गरिएको छ । तर, बीमा कम्पनीहरूमा पर्ने सम्भावना रहेको दाबी र बीमा गरेको सम्पत्तिलाई हेर्दा जति ठूलो क्षति भएको हो, त्यति ठूलो दायित्व सृजना नहुने देखिएको कम्पनीहरूले बताएका छन् ।

जेनजी आन्दोलनमा सबैभन्दा धेरै क्षति सरकारी सम्पत्तिको भएको छ । सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतसहित देशका धेरै सरकारी सम्पत्तिमा आगजनी, तोडफोड र लुटपाट भएको छ । साथै, धेरै सरकारी गाडीहरू पनि जलाएर खरानी बनाइएको छ । तर, बीमा कम्पनीहरूले पनि बीमा गरिएका सम्पत्तिको मात्र दायित्व भुक्तानी गर्छन् । सरकारी सम्पत्तिको बीमा गर्ने प्रचलन नेपालको सन्दर्भमा अभ्यासमा छँदै छैन भन्दा फरक पर्दैन । जेनजी आन्दोलमा जलेका सरकारी सम्पत्तिको बीमा नभएकाले देखिए जस्तो डरलाग्दो दायित्व बीमा कम्पनीलाई पर्ने देखिँदैन ।

सिंहदरबारसहितका सार्वजनिक र अन्य सम्पत्तिको पुनर्निर्माणमा लाग्नु पर्ने नवनियुक्त अर्थमन्त्री रामेश्वर खनालले पदभार ग्रहणका क्रममा बताएका छन् । 'सार्वजनिक सम्पत्तिको बीमा हुँदैन, त्यसो हुँदा धेरै खर्च सरकारले व्यहोर्नु पर्छ,' उनले भने ।

सरकारी ढुकुटी तथा राष्ट्र बैंकसँग जोडिएका, विद्युत् प्राधिकरण लगायत संवेदनशील क्षेत्र बाहेक सरकारी सम्पत्तिको बीमा नभएको निर्जीवन बीमक संघका अध्यक्ष विरेन्द्रबहादुर बैदवार क्षेत्रीले बताए ।

**पुनर्बीमालाई दायित्व सारेका हुन्छन् बीमा कम्पनी**

सरकारी सम्पत्तिको बीमा नभएकाले मात्रै नेपाली बीमा कम्पनीहरूलाई पर्ने दायित्व कम पर्ने होइन । बीमा व्यवसाय भनेको जोखिम हस्तान्तरण गर्दै जाने खालको व्यवसाय हो । नेपाली बीमा कम्पनीले कुनै पनि बीमा पोलिसी मार्फत इन्स्योर्ड गरेको सम्पत्ति क्षति भएको खण्डमा भुक्तानी हुने सम्पूर्ण दाबी नेपाली कम्पनीले गर्नुपर्ने होइन । उनीहरूले विभिन्न तहमा पुनर्बीमा कम्पनीहरूमा त्यस्तो जोखिम बाँडेर लिएका हुन्छन् । त्यसो हुँदा नेपालमा क्षति भएको सम्पत्तिको दाबी भुक्तानी विश्व बीमा बजारदेखि नै आउँछ ।

पोलिसी बिक्री गर्ने बीमा कम्पनीले कुनै पनि सम्पत्ति इन्स्योर्ड गर्दा पूरै जोखिम आफूसँग नराखी रिइन्स्योरेन्स कम्पनीहरूमा बिक्री गर्छ । त्यसैगरी पुनर्बीमा कम्पनीले अन्तर्राष्ट्रिय रिइन्स्योरेन्स कम्पनीहरूमा हस्तान्तरण गरेको हुन्छ । त्यसलाई पनि रेट्रोसेसन पनि भनिन्छ । निर्जीवन बीमक संघका अध्यक्ष क्षेत्रीका अनुसार जेनजी आन्दोलनका कारण ५० अर्बको क्षति भएको र त्यसको दायित्व बीमा कम्पनीमा आउने भन्ने कुरा केवल हाल्ला मात्रै हो ।

'बीमा गरेको सम्पूर्ण रकम नेपाली बीमा कम्पनी आफैंले तिर्नु पर्ने हुदैन । पहिलो कुरा ५० अर्बको माग दाबी आउने सम्भावना नै छैन, आएको खण्डमा पनि पूरै र कम नेपाली बीमा कम्पनीले भुक्तानी दिनु पर्ने होइन,' उनले भने । जेनजी आन्दोलनको क्षतिको सन्दर्भमा निर्जीवन बीमक संघ छलफल गरि रहेको क्षेत्रले बताए । साथै उनले बीमा प्राधिकरणसँग पनि निरन्तर छलफलमा रहेको जानकारी उनले दिए ।

उनका अनुसार आन्दोलका कारण बीमा कम्पनीहरूमा आउने दाबी कति होला भनेर अहिले नै आकलन सक्ने स्थिति छैन । केही माग दाबी आउन थालेको भए पनि त्यसको तथ्यांक एकीकृत नभइसकेको उनी बताउँछन । बीमा कम्पनीका कार्यालय खुलेको नै धेरै दिन नभएकाले अहिले केही ठूला दाबीहरू मात्रै आएको उनले बताए । आन्दोलनका कारण भएको क्षतिको दाबी भुक्तानी दिन आफूहरू सक्षम रहेको उनको दाबी छ ।

जोखिम हस्तान्तरण विषय प्राविधिक भएको बताउँदै क्षेत्रीले १० करोडसम्मको बीमामा औसत ३५ प्रतिशतको हाराहारीमा बीमा कम्पनी आफैंले जोखिम लिने गरेको जानकारी दिए । यो भन्दैमा अहिले स्वेदेशी बीमा कम्पनीले कुल नोक्सानीको ३५ प्रतिशत दायित्व व्यहोर्न पर्ने भन्ने नभएको उनी बताउँछन । साथै उनका अनुसार बाँकी ६५ प्रतिशत रिइन्स्योरेन्सहरूमा ट्रान्सफर गर्ने हो । अब ५० करोड भयो भने फेरी जोखिम आफैंमा राख्ने र हस्तान्तरण गर्ने गणना विधि फरक भएको उनको भनाइ छ । अहिलेको अवस्था हेर्दा कुल नोक्सानीमा १५ देखि २० प्रतिशत सम्ममा स्वदेशी बीमा कम्पनीहरूले व्यहोर्न पर्न सक्ने उनको विश्लेषण छ ।

*(स्रोत: अनलाइनखबर)*

# नागस्वतीमा श्रद्धाञ्जली तथा दीपप्रज्वलन


साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ हेटौंडा-७, नागस्वतीका जेनजी युवाले आन्दोलनमा ज्यान गुमाएका सहिदलाई श्रद्धाञ्जली अर्पण गर्न तथा उनीहरुको बलिदानलाई स्मरण गर्दै शनिवार साँझ दीपप्रज्वलन गरेका छन् ।

कार्यक्रममा सहभागी युवाले सहिदको बलिदान व्यर्थ नजाओस् भन्दै आगामी दिनमा स्थानीय तहमै सुशासन र सुधार ल्याउन आफ्नो प्रतिवद्धता जनाएका थिए । उनीहरुका अनुसार यो श्रद्धाञ्जली मात्र नभई स्थानीय सरकारलाई सन्देश पनि हो । 'हामीले गुमाएका साथीहरुको बलिदानलाई व्यर्थ हुन दिनेछैनौं । घरघरबाटै परिवर्तनको थालनी हुनेछ' उनले भने ।

कार्यक्रम नागस्वतीका युवा निशान भण्डारी, सुमित पुडासैनी, सुषान्त पुडासैनी, अबिन सापकोटा, विवेक फुँयाल, उज्ज्वल भट्ट, सुमित गौतम, निश्चल भट्ट, मनोज घलानलगायतका युवाले समन्वय गरेका थिए । १०० भन्दा बढी स्थानीयको उपस्थिति रहेको कार्यक्रममा युवाले हातहातमा मैनबत्ती लिएर मौन श्रद्धाञ्जली दिएका थिए र भावी दिनमा राम्रो भविष्य निर्माण गर्न एकताबद्ध भएर अघि बढ्ने संकल्प गरेका थिए ।

# राष्ट्रिय झन्डा ओढाएर जेनजी सहिदको अन्त्येष्टि, आज शोक बिदा



साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/जेनजी आन्दोलनमा ज्यान गुमाएकाहरुको राष्ट्रिय सम्मानकासाथ पशुपति आर्यघाटमा अन्त्येष्टि भएको छ ।

सामूहिक शवयात्रापछि उनीहरुको अन्त्येष्टि गरिएको हो । शिक्षण अस्पताल महाराजगञ्जबाट १० जनाको सामूहिक शवयात्रा निकालिएको हो । ६ जनाको शव काठमाडौं बाहिर लगिएको छ भने ४ जनाको पशुपतिमा अन्त्येष्टि गरिएको हो । शवयात्रामा ऊर्जामन्त्री कुलमान घिसिङ, गृह तथा कानूनमन्त्री ओमप्रकाश अर्यालगायत सहभागी भएका थिए । मन्त्रीहरु घिसिङ र अर्यालले मृतकको पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाएर सम्मान गरेका थिए । यस्तै सशस्त्र प्रहरी बलले मृतकप्रति सलामी अर्पण गरेको थियो ।

गएको भदौ २३ र २४ गते भएको आन्दोलनमा ज्यान गुमाएकाहरुको पोस्टमार्टमपछि परिवारलाई जिम्मा लगाइएको हो । कतिपयको यसअघि नै अन्त्येष्टि भइसकेको छ । सरकारले बुधबार असोज १ गते शोक बिदा दिएको छ । मृतकलाई शहीद घोषणा गर्ने र परिवारलाई १५ लाख रुपैयाँ दिने सरकारले निर्णय गरिसकेको छ ।

# नेपाली सेनाको ट्रक दुर्घटना हुँदा १७ जना सैनिक घाइते

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ मकवानपुर र बाराको सीमाना चुरियामाईस्थित पूर्वपश्चिम राजमार्गमा नेपाली सेनाको ट्रक दुर्घटना हुँदा १७ जना सैनिक घाइते भएका छन् ।



मंगलबार दिउँसो करिब २ बजे तनहुँको नं. २ राजदल गणबाट धनुषातर्फ जाँदै गरेको ट्रक दुर्घटनामा परेको हो । दुर्घटनामा घाइते भएका १७ जनामध्ये ६ जनालाई थप उपचारको लागि काठमाडौंस्थित सैनिक अस्पताल लगिएको र बाँकी ११ जनाको हेटौंडा अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले जानकारी दिए । उपसेनानी हर्षविक्रम अधिकारीको कमाण्डमा जाँदै गरेका ४ वटा सेनाका ट्रकमध्ये लु १ ग २८० नम्बरको ट्रक दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

२२ जना सैनिकसवार रहेको ट्रक सडक किनारको पुलबाट करिब १०/१२ फिट तल खोल्सामा खसेको छ । दुर्घटनाबारे जानकारी प्राप्त भएपछि प्रहरी नायवउपरीक्षक श्यामु अर्यालको कमाण्डमा मकवानपुर प्रहरी, ट्राफिक प्रहरी, ईलाका प्रहरी तथा रातोमाटे प्रहरीचौकीबाट टोली घटनास्थल पुगेको थियो । त्यस्तै बाराको अमलेखगञ्जबाट प्रहरी नायव निरीक्षक धनबहादुर श्रेष्ठको नेतृत्वमा टोली परिचालन गरिएको थियो । नेपाली सेनाकै सहयोगमा घाइतेहरुलाई उद्दार गरी हेटौडा अस्पताल लगिएको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ‘ढुक्क भएर काम गर्नुस्’: मनहरीका जनप्रतिनिधि र कर्मचारीलाई आश्वासन

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/जेनजी आन्दोलनको क्रममा मनहरी गाउँपालिकामा भएको क्षतिको अवलोकन गर्दै नेपाली कांग्रेस मनहरी गाउँ समितिले आवश्यक सहयोग गर्ने प्रतिबद्धतासहित ढुक्क भएर काम गर्न जनप्रतिनिधि र कर्मचारीलाई आग्रह गरेको छ ।

कांग्रेस मनहरीका सभापति प्रकाश बर्तौंलाको नेतृत्वमा पालिकामा पुगेको टोलीले जेनजी आन्दोलनबाट भएको क्षतिको अवस्थाको जानकारीसहित अनुगमन गर्दै निर्धक्कसँग जनताको सेवा गर्न अनुरोध गरेको हो । ‘जेनजी आन्दोलनका नाममा केहीले गाउँपालिकाको सम्पतिमा आगजनी र तोडफोड गर्ने कार्य गरेकोमा हाम्रो घोर भत्सर्ना रहेको छ । जेनजी आन्दोलनको कतिपय जायज मागको सम्बोधन गर्नुपर्छ तर, आन्दोलनको नाममा भएको क्षतिप्रति घोर भत्सर्ना गर्दै दोषी माथि छानबीन र कारबाहीको माग समेत गर्दछौं’, कांग्रेस मनहरी



सभापति बर्तौंलाले भने ।

विषम परिस्थितिमा पनि जनप्रतिनिधि र कर्मचारीले जनतालाई सेवा पुऱ्याइरहेकोमा धन्यवाद ज्ञापन गर्दै उनले कांग्रेस सदैव जनताको साथमा रहेको र जनतालाई सेवा दिने कुरामा सहयोग र सहकार्यका लागि तयार रहेको बताए । पालिकालाई पुरानै अवस्थामा फर्काउन आवश्यक साथ र सहयोग गर्ने समेत कांग्रेस सभापतिसहितका नेताहरुको प्रतिबद्धता रहेको थियो । गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले जेनजीको आन्दोलन पश्चात पनि जनताको सेवा निरन्तर दिइरहेको जानकारी गराउँदै युवा सहित पालिकाबासीको चाहना बमोजिम अघि बढ्दै जाने बताए ।

जनप्रतिनिधि र कर्मचारीको हौसलासहित ढाडस बढाएकोमा कांग्रेस मनहरीप्रति उनले आभार व्यक्त गरे । मनहरी गाउँपालिका स्वास्थ्य शाखाप्रमुख रामचन्द्र दाहालले जेनजीको आन्दोलनले नि:शुल्क वितरण हुने औषधिमा क्षति पुगेकोले औषधिको अभाव हुनसक्ने बताए । स्वास्थ्यमा प्रशासनिक भन्दा पनि सेवा बढी हुने भएकोले कुनै दिनपनि सेवा नरोकिएको उनले बताए । शिक्षा शाखाप्रमुख प्रदीप पराजुलीका अनुसार शिक्षाशाखाको आधा भन्दा बढी फाइल जलेको छ । उनका अनुसार आइतबारबाट मनहरीका सबै विद्यालय सञ्चालनमा आइरसकेको छ ।

फर्निचरसहित अन्य अत्यावश्यक सामग्री जलेकोले काम गर्न कठिनाई भइरहेको छ । एकदुई दिनमा सेवा दिने गरी काम भैरहेको उनले बताए । सामाजिक विकास शाखा प्रमुख ज्ञानेन्द्र ढकालले लामिटारको टोल विकास संस्था र स्थानीयको सहयोगले थप क्षति हुनबाट जोगिनुका साथै सरसफाई अभियानमा समेत सहयोग मिलेको बताए । कार्यक्रममा कांग्रेस मनहरीका पदाधिकारीसहित वडा सभापति र नेताहरुको उपस्थिति रहेको थियो ।

# बागमती प्रदेश सरकारले क्षतिको विवरण संकलन गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ बागमती प्रदेश सरकारले भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीको क्षतिको विवरण संकलन गर्ने भएको छ ।

आन्दोलनका कारण प्रदेशका सरकारी संरचनामा भएको क्षतिको मूल्यांकन तथा पुनर्निर्माणको कामलाई तीव्रता दिन कार्यदल गठन गरिएको छ । प्रदेशका प्रमुखसचिव भुपाल बरालको अध्यक्षमा मंगलबार बसेको बैठकले प्रदेश सरकार अन्तर्गतका भवन तथा भौतिक संरचनामा भएको क्षतिको प्रारम्भिक अध्ययन, विश्लेषण गरी पुनर्निर्माण र सञ्चालनको सम्भावना, अनुमानित लागतसहित प्रतिवेदन पेस गर्न उच्चस्तरीय कार्यदल गठन गरिएको छ । बैठकले भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहठ्ठा संयोजक रहेको ४ सदस्यीय कार्यदल गठन गरेको हो ।

कार्यदलको सदस्यमा खानेपानी, उर्जा तथा सिँचाइ मन्त्रालयका सचिव इन्द्रदेव भट्ट, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका सचिव हेमराज भूषाल र संस्कृति तथा पर्यटन मन्त्रालयका सचिव दीपेन्द्र सुवेदी रहेका छन् ।



कार्यदललाई शीघ्र सम्पूर्ण विवरण संकलन गरी समितिको प्रतिवेदन पेस गर्न निर्देशन गरिएको छ । बैठकले कार्यदलमार्फत आन्दोलनबाट मन्त्रालय र मातहतका कार्यालयमा भएको क्षतिको मौद्रिक मूल्यसहितको विस्तृत विवरण असोज ५ गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनिवार्यरुपमा पेस गर्न सबै विषयगत मन्त्रालयलाई निर्देशन दिएको हो ।

त्यसैगरी, आन्दोलनको क्रममा लुटपाट, तोडफोड तथा आगजनीबाट क्षति भएका सम्पत्ति र कागजातको सुरक्षा निकायसँगको समन्वयमा तत्काल कानुनी मुचुल्का तयार गर्ने निर्णय भएको छ । मुचुल्काको आधारमा क्षतिअनुसार बीमा दाबी लगायत प्रक्रिया अगाडि बढाउन पनि बैठकले निर्देशन दिएको छ । क्षतिग्रस्त मन्त्रालय तथा कार्यालयबाट प्रवाह हुने सेवा अवरुद्ध हुन नदिन तत्काल सम्भाव्य स्थान पहिचान गरी कार्यालय सञ्चालनको प्रबन्ध मिलाउन पनि बैठकले निर्णय गरेको छ ।

कार्यालय सञ्चालनमा देखिएको कठिनाइलाई मध्यनजर गर्दै भवन तथा संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि आवश्यक स्रोत आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समन्वय गरी व्यवस्थापन गर्न सम्बन्धित मन्त्रालयलाई भनिएको छ । बैठकले आन्दोलनको क्रममा क्षति वा नष्ट भएका सरकारी सवारी साधनको विवरण पनि तोकिएको ढाँचामा ३ दिनभित्र उपलब्ध गराउन निर्देशन दिएको छ ।

# १५७ किलो गाँजासहित चालक र कन्टेनर ट्रक प्रहरीको नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ मकवानपुर प्रहरीले ठूलो मात्रामा लागूऔषध गाँजा बरामद गर्दै एकजना चालकलाई नियन्त्रणमा लिएको छ ।

भीमफेदी गाउँपालिका-२, भैंसे चेकपोष्टमा इलाका प्रहरी कार्यालय भीमफेदी र प्रहरीचौकी भैंसेबाट खटिएको संयुक्त टोलीले पालुङतर्फबाट हेटौंडा आउँदै गरेको बा २ ख ३२१९ नम्बरको कन्टेनर गाडी रोकी तलासी गरेको थियो । सो क्रममा गाडीको पछाडिको डिब्बामा लुकाइछिपाइ गरी ल्याइएको अवस्थामा १२ वटा पोकामा राखिएको १५७ किलो १२० ग्राम गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।



प्रहरीले गाडी चालक सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-८ का ४१ वर्षीय बीरबहादुर तामाङलाई नियन्त्रणमा लिएको छ । बरामद गरिएको गाँजा र कन्टेनर गाडी नियन्त्रणमा लिएर उनलाई लागूऔषधसम्बन्धी मुद्दामा मकवानपुर जिल्ला अदालत हेटौंडाबाट म्याद थप अनुमति लिएर थप अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक अर्यालले जानकारी दिए ।

# आन्तरिक मामिला मन्त्रालय: स्थानीय तहलाई हस्तान्तरणका लागि ल्याएको प्रिन्टर जलेर नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ स्थानीय तहलाई हस्तान्तरणका लागि बागमती प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयले ल्याएको प्रिन्टर जेनजी आन्दोलनका समयमा जलेर नष्ट भएको छ ।

स्थानीय तहलाई प्रदान गर्नका लागि ल्याइएको १० थान प्रिन्टर भदौ २४ गते भएको आन्दोलनका क्रममा जलेर नष्ट हुनुको साथै अन्य सामग्री चोरेर लगेका छन् । आन्दोलनका क्रममा आगजनी र तोडफोड गरिएको छ । मन्त्रालयका विभिन्न महाशाखा तथा शाखामा रहेका कम्प्युटर, ल्यापटपदेखि कार्यालय सामग्रीसम्म लुटिएको मन्त्रालयले जनाएको छ । नयाँपुराना गरी २० थान कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायत सामग्री चोरी भएका छन् ।



त्यस्तै, विपद् व्यवस्थापन महाशाखा, बैठक कक्ष, दुईवटा जिन्सी सामानको स्टोरलगायत तल्लो तलामा रहेका अधिकांश कोठा पूर्णरुपमा ध्वस्त भएको जिन्सी शाखाका उमेश सोतीले बताए । आन्दोलनकारीले आन्तरिक मामिला तथा कानून मन्त्रीको कार्यकक्षमा रहेको टेलिभिजन सेट समेत चोरेका छन् । आगजनीका क्रममा मन्त्रालयमा पार्किङ गरिएका ५ वटा स्कुटर र २ वटा मोटरसाइकल जलेर नष्ट भएका छन् । त्यस्तै, सञ्चार उपकरणका रुपमा प्रयोग हुँदै आएको डिएसएलआर क्यामेरा समेत चोरी भएको मन्त्रालयका जिन्सीशाखाका स्वतीले जानकारी दिए ।

क्षतिको प्रारम्भिक मूल्यांकन अनुसार मन्त्रालयको करिब ७० लाख रुपैयाँ बराबरको जिन्सी सामग्री चोरी तथा आगजनीबाट नष्ट भएको अनुमान गरिएको छ । यसैबीच, मंगलबार मन्त्रालयले विज्ञप्ति जारी गर्दै आन्दोलनका क्रममा चोरी, लुटपाट गरिएका सामग्री फिर्ता गर्न आग्रह गरेको छ । मन्त्रालयका सचिव कृष्णबहादुर शाहीद्वारा हस्ताक्षरित विज्ञप्तिमा मन्त्रालयका सामानहरु लिएको वा कुनै माध्यमबाट प्राप्त गरिएको भए नजिकैको प्रहरी कार्यालय वा मन्त्रालयमा फिर्ता गरी सहयोग गर्न आमनागरिकमा आग्रह गरिएको छ । अन्यथा कानूनी कारबाही गरिने बताइएको छ ।

# महिला मृतअवस्थामा फेला

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ हेटौंडामा एकजना महिला मृत अवस्थामा फेला परेकी छिन् । हेटौंडा उपमहानगरपालिका-२ गुम्बाचोक बस्ने ५४ वर्षीय नानीमाया रुम्बा मृतअवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

भदौ ३० गते सोमबार आफ्नो घरको दोस्रोतलाको कोठामा सुतेकै अवस्थामा उनी मृतफेला परेकी हुन् । उनकी श्रीमान् संकलाल डंगोलले विहान उठेर बोलाउँदा नबोलेपछि प्रहरीलाई जानकारी गराएका थिए । घटनास्थलको मुचुल्का पश्चात् शव पोस्टमार्टमको लागि हेटौंडा अस्पतालमा राखिएको छ । घटना बारेमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

## मकवानपुर जिल्लाका निजी क्षेत्र सम्बन्धित संघसंस्थाहरूको संयुक्त विज्ञप्ती

भ्रष्टाचार, बेथिती र सामाजिक सञ्जाल बन्दको विरोधमा भाद्र २३ र २४ गते भएको प्रदर्शन नियन्त्रण बाहीर जाँदा नागरिकको धनजनको अपुरणीय क्षति हुन पुगेको छ । शान्तीपूर्ण बिरोध जुलुश गर्न पाउने नागरिक स्वतन्त्रता कुण्ठीत हुनपुग्दा भएको सार्वजनिक र निजी सम्पत्तीको क्षतिले मुलुक गम्भीर आर्थिक संकटमा फसेको छ । प्रदर्शनको क्रममा भएको हत्या र आगजनीबाट व्यक्तिको संविधान प्रदत्त मौलिक र कानुनी हक उलैन भएको छ । संविधान र कानुनको परिपालना सरकार र नागरिक दुबैपक्षबाट हुनुपर्नेमा राज्य जनभावना दबाउन खोज्ने र प्रदर्शनकारी संयमता गुमाउने प्रबृत्तीबाट राज्य र नागरिकले ठूलो नोक्सानी व्योहोर्नु परेको छ । प्रदर्शनका क्रममा ज्यान गुमाएकाहरुप्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै परिवारजनमा हार्दिक समबेदना प्रकट गर्दछौं र घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

उद्योग/व्यवसाय संचालन गर्दा भ्रष्टाचार गरी कमाएको भन्ने गलत मनोविज्ञान नेपाली समाजमा व्याप्त रहेछ भन्ने कुरा उजागर भएको छ । त्यसैको परिणाम स्वरुप प्रदर्शनका क्रममा व्यवसायिक प्रतिष्ठानहरुमाथि निर्ममता पूर्वक प्रहार भएको छ ।

उद्योग/व्यवसाय राष्ट्र निर्माणका आधारस्तम्भ हुन् । विकसित देशको विकास, उद्योग/व्यवसायमा भएको प्रगतिले नै सम्भव बनाएको हो । देशको विकासमा उद्योग/व्यवसायको ठूलो योगदान रहँदै आएको छ । लाखौं नागरिकले पाएको रोजगारी र राज्यलाई बुझाएको करबाट मुलुकले समृद्धी हासिल गर्ने हो । तसर्थ निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण राज्यपक्ष र नागरिकस्तरबाट सुधार गर्नुपर्ने देखिन्छ ।

आन्दोलनको क्रममा निर्माणाधिन संरचनाहरुमा क्षति पुग्दा सम्झौता अनुसार निर्माण व्यवसायीले क्षतिपूर्ति पाउनुपर्ने हुन्छ । सरकारले क्षति वा अन्य कारण देखाइ चाडबाडको समयमा निर्माण व्यवसायीको भुक्तानी रोक्ने कार्यले मजदुर, हार्डवेयर व्यवसायी लगायतलाई प्रत्यक्ष असर पर्ने हुँदा समयमै निकासा सुनिश्चित गर्न आग्रह गर्दछौं

व्यवसायिक घरानाहरुमा भएको आक्रमण खेदजनक छ । यसले पूँजी पलायनको संभावना बढाएको छ । पुँजी पलायन रोक्दै नयाँ लगानीको वातावरण कायम राख्न क्षति पुगेका संरचना निर्माणमा राज्यले सहुलियत दिनुपर्ने हाम्रो निश्कर्ष छ ।

प्रदर्शनमा भएको हत्या र आगजनीबाट हुन पुगेको क्षतिले सम्पत्ति मात्रै होइन आम नागरिकको मानसिक अवस्थामा समेत गम्भीर आघात पुगेको छ । तसर्थ घटनाको निष्पक्ष छानबीन गरी दोषीलाई कानून बमोजिम कारवाही गरी समाजमा न्याय व्यवस्था स्थापित गर्न आग्रह गर्दछौं । आउँदै गरेको चाडपर्वलाई सुरक्षित बनाउन राजमार्ग सुरक्षा र आगामी दिनमा हुने प्रदर्शनमा समेत यस्ता गतिविधि नदोहोरिने अवस्था सुनिश्चित गरी सुरक्षाको प्रत्याभूती दिलाउन हामी राज्यपक्षसंग जोडदार माग गर्दछौं । फागुन २१ गते निर्धारित निर्वाचन निष्पक्षता पूर्वक सम्पन्न भई मुलुक नविनतम ढंगबाट अघि बढ्ने विश्वास राख्दछौं ।

प्रमोद सिंह रानाभाट, अध्यक्ष, मकवानपुर उवासंघ
बद्रीनाथ शर्मा, अध्यक्ष, उद्योग संघ मकवानपुर
सरोज खनाल, महासचिव, नारायणी यातायात व्य. संघ
बालगोपाल कडेल, अध्यक्ष, निर्माण व्यवसायी संघ
कल्याण पौडेल, उपाध्यक्ष, मकवानपुर होटल एशोसिएशन

## जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा जनहितमा जारी सन्देश !

मकवानपुर जिल्लाको छिमेकी जिल्लाहरु बारा पर्सा रौतहट लगायत अन्य जिल्लाहरुमा झाडापखाला, हैजा जस्ता पानीजन्य रोगहरु दिन प्रतिदिन बढ्दो रुपमा देखापरिरहेको साथै मकवानपुर जिल्लामा पनि पानी जन्य रोगहरुको प्रकोप (OutBreak) हुन नदिन साथै गर्मि तथा बर्षायामसँगै फैलने झाडापखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको प्रकोप (OutBreak) हुन नदिन विभिन्न उपायहरु अपनाउन अनुरोध गरिन्छ । झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको प्रकोप (Out Break) इन नदिन विभिन्न उपायहरु जस्तै: काँचै खाने फलफुल तथा तरकारीलाई सुरक्षित पानीले राम्रो संग पखालेर मात्र खाने, पानीलाई राम्ररी छोपेर राख्ने, भान्छालाई व्यवस्थित र सफा राख्ने, राम्रोसँग पाकेको कुराहरु मात्र खाने, भाडाकुडा लाइ राम्रोसँग भित्र बाहिर सफा गर्ने, खाना पकाउनु र पस्कनु अघि राम्रोसँग साबुन पानीले हातधुने, बच्चालाई खाना खुवाउने भाँडा जस्तै: दुधदानी चम्चा कचौरा आदि निर्मलीकरण गर्ने र बासी सडेगलेका झिँगा भन्केका खानेकुरा नखाने व्यवहारहरु अपनाउने गरौ । याद गर्नुहोस वर्षायामसंगै फैलने झाडापखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको लक्षणहरु देखा परेमा नजिकैको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग जनस्वास्थ्य कार्यालय मकवानपुर सम्पर्क गरौं ।

जनस्वास्थ्य कार्यालय, मकवानपुर

संविधान दिवस भब्य रुपमा मनाऔं ।
☞ संविधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
☞ संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं,
☞ संविधानको महत्व बुझौं र बुझाऔं,
☞ प्रत्येक नागरिकले असोज २, ३ र ४ गते घर-घरमा राष्ट्रिय झण्डा फहराऔं र दीपावली गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना